**२०७६ साल फाल्गुण ११ गते आइतबार बसेको मन्त्रिपरिषद्, राजनैतिक समितिको बैठकका निर्णयहरुः-**

- जाजरकोट जिल्लाको छेडागाड नगरपालिकाको प्रशासनिक केन्द्र परिवर्तन गर्ने विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १/८-२०७६/०४/०९ को प्रस्ताव प्र.मं.प.बै.सं. ७/०७६ मिति २०७६/०४/०९ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा ×मन्त्रिपरिषद राजनैतिक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा "जाजरकोट जिल्लाको छेडागाड नगरपालिकाको प्रशासनिक केन्द्र साविक कार्की गाँउबाट छेडागाड नगरपालिका वडा नं ५ स्थित चंखिला भन्ने स्थानमा सार्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम नेपाल सरकारमा पठाउन मन्त्रिपरिषद्मा सिफारिस गर्ने"
- सल्यान जिल्लाको छत्रेश्वरी गाँउपालिकाको केन्द्र र नाम परिवर्तन गर्न माग गरिएको विषय प्रदेश मन्त्रिपरिषद्को वैठक संख्या २०/०७५ मिति २०७५ /०४/१० को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार समितिको मिति २०७५/०७/१६ को बैठकमा पेश हुंदा "सो सम्बन्धमा अध्ययन गरी सत्य तथ्य पत्ता लगाइ प्रतिवेदन पेश गर्न तिन सदस्यीय कार्यदल गठन गर्ने जिम्मेवारी प्रमुख सचिवलाई दिने र सो कार्यदलको प्रतिवेदन समेतको आधारमा आगामी बैठकमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भएको र कार्यदलबाट प्राप्त प्रतिवेदन समेत आजको बैठकमा पेश हुँदा "प्राप्त कागजातहरु अनुसार सल्यान जिल्लाको छत्रेश्वरी गाँउपालिकाको केन्द्र साविक छायाँक्षेत्र गा.बि.स भवन रहेको स्थानवाट हालको छत्रेश्वरी गाँउपालिका वडा नं ३ र ५ को बीचमा पर्ने तारूपरे भन्ने स्थानमा सार्न र गाँउपालिकाको नाम छत्रेश्वरीबाट परिवर्तन गरी पाथिभरा छत्रेश्वरीकोट कायम गर्न माग गरिएको विषय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (५) बमोजिम विधिवत रुपमा गाँउसभाको बैठकबाट प्रस्ताव पारित भइ आएको नदेखिएको हुँदा गाँउपालिकाको केन्द्र र नाम परिवर्तन गर्ने विषय अगाडि नबढाउन मन्त्रिपरिषद्मा सिफारिस गर्ने।"
- जुम्ला जिल्लाको हिमा गाँउपालिकाको केन्द्र परिवर्तन सम्बन्धी विषय प्रदेश मन्त्रिपरिषद्को वैठक संख्या २६/०७५ मिति २०७५/०५/३० को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार समितिको मिति २०७५/०७/१६ को बैठकमा पेश हुंदा "सो सम्बन्धमा अध्ययन गरी सत्य तथ्य पत्ता लगाइ प्रतिवेदन पेश गर्न तिन सदस्यीय कार्यदल गठन गर्ने जिम्मेवारी प्रमुख सचिवलाई दिने र सो कार्यदलको प्रतिवेदन समेतको आधारमा आगामी बैठकमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भएको र कार्यदलबाट प्राप्त प्रतिवेदन समेत आजको बैठकमा पेश हुँदा "जुम्ला जिल्लाको हिमा गाँउपालिकाबाट गाँउपालिकाको केन्द्र वडा नं. ५ मा पर्ने गुरामाडु तलाखेत र बाजागाड तलाखेतमध्ये कुन स्थानमा राख्ने भन्ने सम्बन्धमा गाँउसभाका प्रतिनिधिहरुको दुइतिहाइ बहुमत नपुग्ने देखिएको हुँदा दुवै स्थान हेरफेर गरी उपयुक्त स्थान तोकिदिन प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय भइ आएकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम केन्द्र हेरफेर गर्नु पर्ने भएमा सम्बन्धित सभामा तत्काल कायम रहेको सदस्य संख्याको दुइतिहाइ बहुमतले पारित गरेको प्रस्ताव

कार्यपालिकाले प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाउने व्यवस्था भएको हुँदा सोही व्यहोरा गाँउ पालिकालाई जानकारी गराउन मन्त्रिपरिषद्मा सिफारिस गर्ने।"

- डोल्पा जिल्लाको मुड्केचुला गाउँपालिकाको केन्द्र परिवर्तन सम्बन्धी विषय प्रदेश मन्त्रिपरिषद्को बैठक संख्या २१/०७५ मिति २०७५/०४/२६ को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार समितिको मिति २०७५/०७/१६ को बैठकमा पेश हुँदा "सो सम्बन्धमा अध्ययन गरी सत्य तथ्य पत्ता लगाइ प्रतिवेदन पेश गर्न तिन सदस्यीय कार्यदल गठन गर्ने जिम्मेवारी प्रमुख सचिवलाई दिने र सो कार्यदलको प्रतिवेदन समेतको आधारमा आगामी बैठकमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भएको र कार्यदलबाट मिति २०७६।३।२७ मा प्राप्त प्रतिवेदन तथा सो गाँउ कार्यपालिकाको च.नं. ३८६,मिति २०७६।११।११ को पत्रसाथ प्राप्त गाँउपालिकाको सातौं गाँउसभाको निर्णय समेत आजको बैठकमा पेश हुँदा "डोल्पा जिल्लाको मुड्केचुला गाँउपालिकाको केन्द्र साविक वडा नं. ४ को इलनिलदहबाट परिवर्तन गरी वडा नं. ६ को तल्लो नर्कुमा कायम गर्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम नेपाल सरकारमा पठाउन मन्त्रिपरिषद्मा सिफारिस गर्ने।"